# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं ज्येष्ठ ११ गते ०१० साल

## भाग ६

### स्थानीय स्वायत्त शासनविभागको

### विज्ञप्ति

नगरपञ्चायत २००७ सालको ऐन खारिज गरी नगरपालिका २००६ सालको ऐन यहीं २०१० ज्येष्ठ २५ गतेदेखि देहायका इलाकाको देहायका नगरपालिकाहरूमा लागू गर्ने र नगरपञ्चायत भन्ने नाम खारेज गरी अबउप्रान्त "नगरपालिका" भन्ने नाम कायम गर्ने निर्णय भएकोले सर्वसाधारणलाई थाहा होस भन्नाका लागी यो सुचना प्रकाश गर्ने काम भएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तपसील

स्याका

| | पूर्व | पश्चिम | दक्षिण | उत्तर |
|---|---|---|---|---|
| १. काठमाडौ नगरपालिका। | धोबीखोला। | विष्णुमती। | बाग्मती। | बालाज्यू जाने विष्णुमतीको पुलदेखि बाँसबारीसम्म। |
| २. ललितपुर नगरपालिका | कोडकोखोला | बाग्मती। | बाग्मती। | नखुबाट सिधा कोडकुखोला |
| ३. भक्तपुर नगरपालिका | हनुमन्तेखोला र नाला जाने पुलदेखिसिधा खासाँखुसुंग खोलासम्म | हनुमन्ते खोला र खासाँगखुसुंग खोलाको दोभन | हनुमन्तेखोला। | खसाँगखुसुंग खोला। |
| ४. बिराटनगर नगरपालिका। | सिंघियानदी र रोडूम। | पुराना घोधानदी र सराचीयाईटा मता। | रघुपति जुटमिल र सिमाना। | पोखरी या धर्मशाला। |

५. वीरगञ्ज नगरपालिकाको ४ किल्ला सदस्यको चुनाव भैसकेपछि ठहर भए-बमोजिम पछि प्रकाश हुनेछ।

आज्ञाले,

टङ्कप्रसाद, सेक्रेटरी—स्थानीय स्वायत्त शासनविभाग.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।